स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



२३ माघदेखि प्रदर्शन हुन लागेको फिल्म 'रमिताको पिरती' फरक बिषयवस्तु र प्रस्तुतिका कारण चर्चामा छ । यसको पोस्टर र टिजर सार्वजनिक भइसकेको छ । फिल्मले एक युवतीको जीवन, संघर्ष, प्रेम र आरोह-अवरोहलाई प्रस्तुत गरेको छ । अभिनेत्री आना शर्माको फरक शैली र गेटअप, फिल्मको टिजरमा देखाइएको फरक किसिमको प्रस्तुतिले युवापुस्तामाझ यसका बिषयवस्तु लोकप्रिय बनिरहेका छन् ।

**आजको विचार...**



डा. अभिजित गुप्ता

के...

(दुई पेजमा)



आगामी माघ १ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'मिरमिरे'मा एउटा गजबको संयोग जुरेको छ। त्यो हो, श्रीमान् हिरो र श्रीमती गायिका। यस फिल्ममा अभिनेता दयाहाङ राई मुख्य भूमिकामा छन् भने उनकी श्रीमती तथा गायिका बेनुका राईले यसै फिल्मको एक गीतमा आवाज दिएकी छन्। उनले केही दिनअघि गीत रेकर्ड गरेकी हुन्। बेनुका कुनै समयकी चल्तीकी गायिका हुन्। तर, दयाहाङसँग विवाह बन्धनमा बाँधिएपछि गायनमा उनको सक्रियता कम भयो।

❒ वर्ष ३१ अंक १४० ❒ २०८२ पुस २ गते बुधबार 17 December 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गुल्मीमा वर्षौनी धान उत्पादन र क्षेत्रफल घट्दै

**हाम्रा संवाददाता/रासस**

**गुल्मी,** पुस १/यसवर्ष यहाँ धान उत्पादनमा कमी आएको छ । गत वर्षको तुलनामा जिल्लामा आठ प्रतिशतले उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपानका अनुसार यसवर्ष जिल्लामा २२ हजार ३२३ मेट्रिकटन मात्र धान उत्पादन भएको छ ।

गतवर्ष जिल्लामा २४ हजार चार सय २६ मेट्रिकटन धान उत्पादन भएको थियो । यस पटक जिल्लामा धानको उत्पादनसँगै धान रोपणको क्षेत्रफलसमेत घटेको सूचना अधिकारी न्यौपानेले बताए । गत वर्ष जिल्लामा सात हजार दुई सय ८८ हेक्टरमा क्षेत्रफलमा धान उत्पादन भएको थियो । यसवर्ष उत्पादन घटेर छ हजार दुई सय ७० हेक्टरमा मात्र धान उत्पादन भएको छ । जिल्लामा पछिल्ला वर्षमा क्रमश: धानको उत्पादन र क्षेत्रफल घट्दै जान थालेको ज्ञान केन्द्रले जनाएको छ । यसरी उत्पादन र क्षेत्रफल घट्नुमा बेमौसमी वर्षा हुनु, लामो समय खडेरी पर्नु, गाउँबाट बसाइँसराइ बढ्दै जानु, उन्नत बीउ र रासायनिक मलको अभाव हुनु जस्ता कारण रहेको कार्यालयले जनाएको छ । गत वर्षभन्दा यसवर्ष बर्खे धान उत्पादनमा पनि आठ प्रतिशतले कमी आएको छ । जिल्लामा कूल छ हजार पाँच सय ८५ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । त्यसअन्तर्गत चैते धान उत्पादनको क्षेत्रफल तीन सय १५ हेक्टर र बर्खे धान उत्पादनको क्षेत्रफल छ हजार दुई सय ७० हेक्टर रहेको छ । यस वर्ष चैते धान एक हजार दुई सय ८६ मेट्रिकटन र बर्खे धान २२ हजार तीन सय २३ मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिए । जिल्लामा सबैभन्दा बढी धान उत्पादन हुने फाँटहरुमा इस्माको चौरासी, सत्यवतीको जोहाङ, उर्लीखोला र अस्लेवा कालीगण्डकीको अर्बेनी, कनौटा, छापचौर, चन्द्रकोटको मजुवा, रुपाकोटलगायत रहेका छन् । त्यसैगरी मुसिकोट नगरपालिकाको तल्लाफाँट, इन्द्रेगौडा, बडीगाडको सुदी, मालिका गाउँपालिकाको सिमलटारी, फूलबारी र मदानेको सिर्सेनी छन् । धुर्कोटको छल्दी तथा पनाहा, गुल्मी दरबारको गरमटारी, छत्रकोटको खर्ज्याङ, मनबाग लगायतका फाँटमा पनि राम्रो धान उत्पादन हुने गर्दछ । जिल्लामा आयातित चामलको गुणस्तर तथा मूल्यमा स्वदेशी र स्थानीय धानले प्रतिस्पर्धा गर्न नसक्दा पछिल्लो समयमा धानको आयात बढ्दै गएको छ । गतवर्ष गुल्मीमा पाँच करोड मूल्य बराबरको चामल आयात भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा विशेषगरी हँसराज, झोत्री, काठे, भिनुवा, सानोभट्टे, ठूलोभट्टे, कोडे, मडियारे, रातो मार्सी र मार्सिलगायत धानका जात किसानको रोजाइमा पर्ने गरेको छ । उन्नत र हाइब्रिड जातका धानभन्दा स्थानीय जातको धान किसानको रोजाइमा पर्ने गरेको हो । स्थानीय धानको भात खाँदा भोक कम लाग्ने, खानका लागि नरम र स्वादिलो हुने हुँदा यहाँका किसानले रैथाने धानको उत्पादनमासमेत निरन्तरता दिँदै आएका छन् । कृषि ज्ञान केन्द्रले पनि जिल्लामा यस्ता प्रकारका रैथाने जातका धानका बीउको संरक्षण गर्नुपर्नेमा किसानलाई जोड दिँदै आएको छ ।



## सक्षिप्त समाचार

### भारतमा बस दुर्घटना ४ को मृत्यु

**(रासस/सिन्हवा)**

**नयाँदिल्ली,** पुस १/उत्तरी भारतको एक्सप्रेसवेमा मंगलबार बाक्लो कुहिरोको बीचमा सातवटा बसहरू एकअर्कासँग ठोक्किएर आगलागी हुँदा कम्तिमा चार जनाको मृत्यु हुनुका साथै ५० जना भन्दा बढी घाइते भएको स्थानीय प्रहरीलाई उदृत गर्दै सिन्हुवाले जनाएको छ । प्रहरीले मथुरा जिल्लाको दिल्ली-आगरा एक्सप्रेसवेमा बसहरुको ठक्करको कारणले उनीहरुको ज्यान गएको जनाउदै घटनाको पुष्टि गरेको छ । घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।सामाजिक सञ्जालमा राखिएको भिडियो फुटेजमो गाडीबाट ठुलो आगो निस्किएको देखाइएको छ । घाइतेहरू मध्ये केहीको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या बढ्ने सम्भावना रहेकको बताइएको छ ।

## मतदानमा सहभागी बनौं।

-मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
-मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
-मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
-मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
-मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाऔं ।
-दबाब र प्रभावमा परी मतदान नगरौं ।
-व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
-अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
-सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावर्ण कायम गरी मतदान गरौं।
-राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दमकडा माविलाई अन्तर्राष्ट्रिय गुणस्तर चिह्न प्रदान

**कृष्ण पोखरेल**

**पाल्पा,** पुस १/जिल्लाको तानसेन दमकडास्थित दमकडा माध्यमिक विद्यालयलाई अन्तर्राष्ट्रिय गुणस्तर चिह्न (आईएसओ) प्रदान गरिएको छ । विद्यालय सुधारका विभिन्न ५२ सूचकमध्ये कम्तीमा ५१ प्रतिशत सूचकमा काम भएपछि विद्यालयलाई अन्तर्राष्ट्रिय गुणस्तर चिह्न प्रदान गरिएको हो ।





ग्लोबल क्वालिटी काउन्सिल नेपालका प्रतिनिधि सुदीप शर्माले तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, जिल्ला समन्वय समितिका उप-प्रमुख काशिका गैरे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेश कुमार अर्याल, विद्यालयका प्रधानाध्यापक मोहन प्रसाद सापकोटा, आईएसओ विद्यालयका संयोजक जीवन आचार्यलाई आईएसओ सर्टिफाइड लोगो प्रदान गरेका हुन् । विद्यालय शिक्षालाई, गुणस्तर, अनुसाशित, संस्कारी र सिक्ने, टिक्ने र बिक्ने गरी विकास गर्न विद्यालयले भौतिक तथा शैक्षिक विभिन्न गतिविधिका सूचकहरु पुरा गरेपछि लोगो पाएको हो । पाल्पामा आईएसओ सर्टिफाइड लोगो पाउने यो पहिलो विद्यालय बनेको छ । विद्यालयल सुधारको लागि लगातार ७ महिनाको मेहनतपछि विभिन्न ५१ वटा विद्यालय सुधारका सूचकहरु पुरा गरी तोकिएका सूचकहरुको अनुगमन, मुल्याङ्कन तथा प्रमाणिकरण गरी लोगो प्रदान गरिएको हो । लोगो पाएसँगै यस विद्यालयले आगामी तीन वर्षभित्र बाँकी तीन सय सूचकहरु पुरा गरी ती सूचकहरुलाई व्यवस्थापन प्रणालीमा स्थायी रूपमा लागू गरी पूर्ण आईएसओ सर्टिफाइड विद्यालयको रूपमा घोषणा हुने बाटो खुलेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## नीतिमा बहस जरुरी

नेपालका हरेकजसो राजनीतिक दलमा नेतालाई नै सर्वोपरि मान्ने र नेताले नै आफु सर्वस्व रहने प्रचलन छ । नेताले बोलेको अकाट्य हुने, आफ्नो निर्णय दल र आफ्नै दलका अरु नेता र कार्यकर्तामाथि लाद्ने प्रचलन व्यापक छ । जसका कारण यतिबेला लगभग सबै दलमा विभिन्नखाले किचलो देखिएको छ । कुनै पनि दल नीतिले नभइ नेताप्रधान बन्न पुगेका छन् । राजनीतिमा पुस्तान्तरणको बहस निकै लामो बहस हो । तर, हरेक पार्टीमा 'वर्तमान नेतृत्वपछिको विकल्प को ?' भन्ने प्रश्न आज पनि अनुत्तरित नै छ । यसले गर्दा दल नीतिले होइन, नेताका कारण चलायमान छन् भन्न सकिन्छ । एमालेको ११ औं केन्द्रीय महाधिवेशन पनि यस्तै भएको छ । अध्यक्ष केपी शर्मा ओलीले आफु अनुकूल विधान शंसोधन गरेर जुन चेष्टा गरे । त्यो नै नेता प्रधान बन्नुको मुख्य कारक हो । नेपाली काँग्रेस र अन्य दलहरुमा पनि समस्या उस्तै छ ।

केही महिना अघि काग्रेस सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएर आफू उपचारक्रममा विदेशतिर लागे । तर, उनी नभएको मौका पारी यता 'विशेष महाधिवेशन कि नियमित महाधिवेशन ?' भन्ने विवादले काग्रेसभित्र निकै चर्को रुप लियो । विशेष महाधिवेशनका लागि हस्ताक्षर गर्ने, कार्यबाहक नेतृत्वले निर्णय दिन नसक्ने र विभिन्न बहानामा बैठक सार्ने गऱ्यो । अन्ततः सभापति देउवा स्वदेश फर्केपछि उनैले हस्तक्षेप गरी महाधिवेशन टुंगो लगाए । यस घटनाले नेपाली काग्रेसभित्र पुस्तान्तरण वा नीतिप्रधानको जतिसुकै लामो बहस भए पनि 'तिनै पुराना, अनुभवी र परम्परागत व्यक्तिको नेतृत्व नै कामयाबी रहेछ'भन्ने सन्देश दिएको छ । देउवाको अनुपस्थितिमा महाधिवेशनसमेत तोक्न नसक्ने नेतृत्वले आगामी दिनमा के काम गर्ला ? पार्टीलाई कुन दिशा निर्देश गर्ला ? सोचनीय छ । यस्तो अवस्थामा पुरानो नेतृत्वको विदाइ कसरी सम्भव होला ? नीतिले मात्र पार्टी कसरी चल्ला ? विभिन्न प्रश्न उठेका छन् । देउवाले जेनजी आन्दोलनपछि कार्यबाहक नै सही, नेतृत्व हस्तान्तरण अभ्यास त गरे, यसलाई सकारात्मक मान्नैपर्छ । तर केपी शर्मा ओलीले फेरी पनि अध्यक्षमा दोहोरिन जुन हर्कत गरे त्यो अस्वभनिय नै रह्यो । आजसम्म नेता धेरै जन्मे, नेतृत्व जन्मिन सकेन । यो आजको यर्थाथता हो । अब कम्तीमा पनि नेताभन्दा नीतिलाई प्रश्रय दिनेगरी अघि बढ्नसकेमा यो समस्या पुनरावृत्ति हुने थिएन । तसर्थ अब नेता है नीतिमा बहस हुन जरुरी छ ।

### Opinion @ Socia Network

सुन्दरता अनुवारमा हैन
तपाइको बोली र ब्यबहारमा हुन्छ ।
(बिमला सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Bimala.Saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के नेपालमा पनि अनलाइन वा डिस्ट्यान्ट भोटिङ सम्भव छ ?



डा. अभिजित गुप्ता

*भारतमा गैरआवासीय भारतीयले पोस्टल ब्यालेट (हुलाक मतपत्र) वा ई-पोस्टल ब्यालेट (विद्युतीय हुलाक मतपत्र) मार्फत मतदान गर्ने व्यवस्था छ । अमेरिका, क्यानडा, फ्रान्स जस्ता देशमा विदेशमा बसेकाले अनलाइन वा डिस्ट्यान्ट भोटिङ मार्फत निर्वाचनमा भाग लिन सक्छन् । यी सफल उदाहरणहरूले देखाउँछ कि वैदेशिक मतदाता लोकतान्त्रिक प्रक्रियामा सुरक्षित रूपमा समावेश हुन सक्छन् । विदेशमा बसेकालाई मतदानको अधिकार किन ? प्रथमतः लोकतन्त्र समावेशी र सबैका लागि हुनुपर्छ । देशको आर्थिक मेरुदण्ड विदेशमा छन् भने उनीहरूको मत पनि निर्णय प्रक्रियामा हुनैपर्छ । लोकतन्त्र कागजमा मात्र होइन-व्यवहारमा समावेशी हुनुपर्छ ।*

नेपालबाट लाखौँ युवा रोजगार, अध्ययन र व्यवसायका लागि विदेशमा छन्। उनीहरू नेपालको अर्थतन्त्रका प्रमुख आधार रोजगारी, सीप र रेमिट्यान्स (विप्रेषण) का वाहक हुन् । तर विडम्बना के छ भने उनीहरूलाई आफ्नो देशको सरकार छान्ने मताधिकार व्यवहारतः उपभोग गर्न अझै सकिएको छैन । आजको डिजिटल युगमा जब विश्वका धेरै मुलुकहरूले रिमोट भोटिङ, हुलाक भोटिङ वा अनलाइन भोटिङ अपनाइसकेका छन् । नेपाल किन पछि परिरहेको छ ? यो प्रश्नमाथि राष्ट्रिय बहसको आवश्यकता छ ।

**संविधानले के भन्छ ?**

नेपालको संविधान २०७२ को धारा १६ (मौलिक हक) ले नागरिकलाई समानता र स्वतन्त्रतासहित राज्यका सेवामा पहुँचको अधिकार दिन्छ । धारा १७ को उपधारा (२) (क) ले नागरिकलाई राजनीतिक अधिकार, अभिव्यक्ति-स्वतन्त्रता र राजनीतिक प्रक्रियामा सहभागी हुने अधिकार सुनिश्चित गछ । धारा ८४ र ८५ ले सैंय संसद्को निर्वाचनमा नेपाली नागरिकलाई मताधिकार प्रदान गर्छ । विदेश वा भित्र भन्ने कुनै भौगोलिक सीमा संविधानमा उल्लेख छैन । यसको अर्थ–विदेशमा रहेका नेपाली पनि पूर्णरूपमा नेपाली नागरिक हुन् र उनीहरूको मताधिकार रोक्नु संविधानको मर्मविपरीत छ । ४० बढी देशमा रहेका ४० लाख युवालाई मताधिकारबाट वञ्चित तथ्याङ्कअनुसार करिब ४० लाख युवाहरू विदेशमा रोजगारमा छन् । ५० भन्दा बढी देशमा नेपाली विद्यार्थी, व्यवसायी र पेसेवरहरूको ठूलो उपस्थिति छ । वार्षिक १० खर्बभन्दा बढी रेमिट्यान्स नेपाल आउँछ । देश चलाउन चाहिने अर्थतन्त्र उनीहरूले धानिरहेका छन् । तर राजनीतिक निर्णयमा उनीहरूको आवाज शून्य छ । यो लोकतन्त्रको अपूर्णता हो । भारतमा गैरआवासीय भारतीयले पोस्टल ब्यालेट (हुलाक मतपत्र) वा ई-पोस्टल ब्यालेट (विद्युतीय हुलाक मतपत्र) मार्फत मतदान गर्ने व्यवस्था छ । अमेरिका, क्यानडा, फ्रान्स जस्ता देशमा विदेशमा बसेकाले अनलाइन वा डिस्ट्यान्ट भोटिङ मार्फत निर्वाचनमा भाग लिन सक्छन् । यी सफल उदाहरणहरूले देखाउँछ कि वैदेशिक मतदाता लोकतान्त्रिक प्रक्रियामा सुरक्षित रूपमा समावेश हुन सक्छन् ।

**विदेशमा बसेकालाई मतदानको अधिकार किन ?**

प्रथमतः लोकतन्त्र समावेशी र सबैका लागि हुनुपर्छ । देशको आर्थिक मेरुदण्ड विदेशमा छन् भने उनीहरूको मत पनि निर्णय प्रक्रियामा हुनैपर्छ । लोकतन्त्र कागजमा मात्र होइन-व्यवहारमा समावेशी हुनुपर्छ । दोस्रो-प्रतिभा पलायन (ब्रेन ड्रेन) रोक्ने मनोवैज्ञानिक प्रभाव । देश निर्माणमा आफ्नो आवाजले महत्त्व राख्छ भन्ने अनुभूतिले युवालाई देशसित भावनात्मक रूपमा जोड्छ । तेस्रो-विदेशमा रहेका नेपालीहरू राज्यका करदाता (खासगरी अप्रत्यक्ष करदाता) र आर्थिक योगदानकर्ता हुन् । अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान गर्ने वर्गलाई निर्णय प्रक्रियाबाट बाहिर राख्नु अन्याय हो । भारत, अमेरिका, क्यानडा, फिलिपिन्स, फ्रान्स, इटाली, कोरिया आदि धेरै देशले ओभरसिज भोटिङ अनुमति दिएका छन् । नेपाल भने यो दिशामा ढिलो भइसकेको छ । के नेपालमा पनि अनलाइन भोटिङ सम्भव छ त ? छ, तर सत्यनिष्ठा र सुरक्षा अनिवार्य छ । नेपालमा अनलाइन भोटिङ सम्भव बनाउन तीन प्रमुख मोडेल अपनाउन सकिन्छ :

**(क) दूतावास/वाणिज्य दूतावास मतदान केन्द्र:** विदेशमा रहेका नेपालीले दूतावासमा गएर सुरक्षित डिजिटल भोटिङ मेसिनबाट मतदान गर्ने। नेपालका दूतावासहरूमा प्रमाणीकरणका लागि बायोमेट्रिक भेरिफिकेसन र सुरक्षित मतदान टर्मिनल राख्न सकिन्छ । यसको सफल उदाहरणका रूपमा भारत, क्यानडा र अमेरिका वैदेशिक मतदाताका लागि यही मोडेल प्रयोग गर्छन् ।

**(ख) हुलाक/अनुपस्थित मतपत्र (पोस्टल/एब्सेन्टी ब्यालेट) :** यो पहिचान प्रमाणीकरण (एनआईडी) पछि पोस्टल (हुलाक) मतपत्र घरमै पठाउने मोडेल हो। धेरै देशले यो विधि सुरक्षित रूपमा चलाइरहेका छन्। यसमा मतदाता पहिचान प्रमाणित (एनआईडी/पासपोर्ट) गरेपछि हुलाकमार्फत मतपत्र घर-घरमा पठाइन्छ । यसको सफल उदाहरण : भारतले प्रवासी मतदाताका लागि नियमित रूपले पोस्टल ब्यालेट प्रयोग गर्छ ।

**(ग) पूर्ण अनलाइन रिमोट विद्युतीय मतदान):** यसमा सुरक्षित, एनक्रिप्टेड, बहु-कारक प्रमाणीकरण (मल्टी-फ्याक्टर अथेन्टिकेसन) सहित अनलाइन प्लेटफर्म प्रयोग गरिन्छ ।

**आवश्यक संरचना**

१.नेशनल आईडी/इलेक्ट्रोनिक केवाईसी आधारित प्रमाणीकरणका लागि नेपालमा हाल सञ्चालनमा आएको नेशनल आईडी सिस्टम (राष्ट्रिय परिचयपत्र प्रणाली) लाई आधारभूत संरचनाका रूपमा अपनाउन सकिन्छ।

२.वन-टाइम बायोमेट्रिक चेक (एक पटकको जैविक पहिचान जाँच) - मतदाता पहिचान सुनिश्चित गर्न आवश्यक छ ।

३. एण्ड टु एण्ड इन्क्रिप्सन - मतको गोपनीयता सुरक्षित हुनुपर्छ ।

४. ब्लकचेन-बेस्ड भोट इन्टिग्रिटी सिस्टमबाट मतको सुरक्षा र पारदर्शिता सुनिश्चित हुनुपर्छ । ५. साइबर सेक्युरिटी कमान्ड सेन्टरबाट निगरानी गरिनुपर्छ । नेपालले हाल साइबर सेक्युरिटी कमान्ड सेन्टर स्थापना गरिसकेको छ । सिद्धान्ततः निर्वाचन ऐन, २०७३ र संविधानको धारा १७, ८४/८५ अनुसार प्रत्येक नेपाली नागरिकलाई मतदान अधिकार सुनिश्चित गर्न आवश्यक छ । यसको सफल उदाहरणका रूपमा इस्टोनिया र भारतलाई हेर्दा हुन्छ । इस्टोनियामा विश्वको अग्रणी ई-भोटिङ (विद्युतीय मतदान) प्रणाली सन् २००५ देखि पूर्ण रूपमा लागू भएको छ । त्यस्तै, भारतमा एनआरआई (गैरआवासीय भारतीय) का लागि पोस्टल ब्यालेट मार्फत सुरक्षित मतदान हुने गरेको छ ।

**किन तत्कालै आवश्यक छ अनलाइन भोटिङ ?**

एक-बढ्दो वैदेशिक रोजगार र जनशक्ति बाहिरिने अवस्थाको राजनीतिक सम्बोधन आवश्यक छ । हरेक वर्ष लाखौँ नयाँ युवा विदेश जान्छन्। त्यसैले उनीहरूलाई मतदान गर्न असमर्थ बनाइरहने अवस्था दिगो होइन । दोस्रो- यसबाट निर्वाचनको खर्च घट्छ, पारदर्शिता बढ्छ । अनलाइन भोटिङले कागज, प्रिन्ट र ढुवानी खर्च बचतहुन्छ । मतगणनामा छिटो परिणाम आउँछ । मानवीय त्रुटि र धाँधली घट्छ । तेस्रो-राजनीतिक प्रतिनिधित्व सन्तुलित हुन्छ । विदेशमा रहेका नेपालीको दृष्टिकोण अनुसार देशको नीतिमा सकारात्मक प्रभाव पार्न सक्छ । चौथो- यसबाट राष्ट्रिय पहिचान र नागरिक सहभागिता बढ्छ। विदेशमा रहे पनि "म देशका लागि मत दिइरहेको छु" भन्ने अनुभूति राष्ट्रसँग जोडिने सेतु हो ।

**संविधानअनुसार सरकारले के गर्न सकिन्छ ?**

प्रवासी नेपालीलाई मताधिकार दिनका लागि सरकार गम्भीर बन्न आवश्यक छ । यसका लागि-निर्वाचन ऐनमा ओभरसिज भोटिङ (वैदेशिक मतदान) को स्पष्ट प्रावधान गर्नुपर्छ ।

धारा ८४ र ८५ बाट मताधिकार पाउने हक दिए पनि सञ्चालन विधि ऐनमार्फत निर्धारण गर्नुपर्ने छ । यसका लागि निर्वाचन आयोगले डिजिटल भोटिङ गाइडलाइन (डिजिटल मतदान निर्देशिका) ल्याउनुपर्छ । जसमा सुरक्षा मापदण्ड, डाटा सुरक्षा, प्रमाणीकरण र टेस्टिङ/पाइलट मोडेलहरू पनि पर्न सक्छन् । त्यसैगरी, राष्ट्रिय परिचयपत्र प्रणालीलाई भोटिङसँग एकीकृत गर्नुपर्छ। ई-केवाईसी (विद्युतीय ग्राहक पहिचान) आधारित रिमोट भोटिङ सम्भव बनाउने आधार यही हो । विदेशमा दूतावासमार्फत पाइलट इलेक्सन (नमुना निर्वाचन) सुरु गर्नुपर्छ । यसका लागि-पहिलो चरणमा कतार, यूएई, मलेसिया, कोरिया, जापान र दोस्रो चरणमा युरोप, अमेरिका र अस्ट्रेलियामा लागू गर्न सकिन्छ । **निष्कर्ष :** विदेशमा बसेका नेपालीहरू 'अस्थायी आप्रवासी नागरिक' होइनन्ह उनीहरू नेपालको भविष्यका सहभागी, योगदानकर्ता र हितैषी हुन् । संविधानले दिएको मताधिकार उनीहरूले पनि बराबरी रूपमा पाउनुपर्छ । नेपालले डिजिटलाइजेसन, राष्ट्रिय पहिचान कार्ड, ई-गभर्नेन्स (विद्युतीय सुशासन), साइबर सुरक्षा संरचना जस्ता आधारभूत प्रणाली तयार गर्दैछ– अब यही प्रणाली प्रयोग गरेर अनलाइन भोटिङ र विदेशी नेपाली मताधिकार कार्यान्वयन गर्न अब ढिला गर्नु नेपालको हितमा छैन । सशक्त लोकतन्त्र सबै नागरिकको सहभागिताबाट निर्माण हुन्छ । विदेशमा बसेकालाई मतदान अधिकार दिनु–देशलाई बलियो बनाउने, समावेशी बनाउने र आधुनिक लोकतन्त्रतर्फ अघि बढाउने ऐतिहासिक कदम हुनेछ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : प्रेमको बन्धन कसिनेछ। आफन्तहरू मध्य रमाइलो समय व्यतीत हुनेछ।
**वृष** : स्वास्थ्यलाई लिएर सजग रहनुहोस्। शत्रुहरू परास्त हुनेछन्।
**मिथुन** : शिक्षाको क्षेत्रमा प्रयत्न गर्दा समस्याको पनि सकारात्मक संकेत प्राप्त हुनेछ।
**कर्कट** : गोप्य कुरा बाहिरीनाले अप्ठ्यारो परिस्थिति निर्माण हुन सक्छ।
**सिंह** : आँटेको कार्यमा सफलता मिल्नेछ। भाइबहिनीहरूमा आत्मयता बढ्नेछ।
**कन्या** : शिक्षाको क्षेत्र फराकिलो हुनाले बौद्धिक क्षेत्रमा विकास हुनेछ।
**तुला** : महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। समाजमा मानसम्मान प्राप्त हुनेछ।
**वृश्चिक** : परिस्थिति सबल नदेखिएता पनि मेहनतले आशा जगाउनेछ।
**धनु** : आयस्रोत राम्रो हुनाले भौतिक संसाधन जुटाउन सकिनेछ।
**मकर** : अधिकारीबाट सहयोगी सिद्ध हुनेछन्। सामाजिक कामले हौसला प्रदान गर्नेछ।
**कुम्भ** : नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै प्रतिभाको प्रदर्शन गर्ने अवसर मिल्नेछ।
**मीन** : उपलब्धिहीन काममा समय व्यतीत होला सावधान रहनुहोला।

## कला मनोरञ्जन

# बलिउड स्टार अजय देवगन मैदान छाडेर भागेपछि...




बलिउडका सिंघम अजय देवगनले एउटा अचम्मलाग्दो निर्णय गरेका छन् । उनले आफ्नो बहुप्रतिक्षित कमेडी फ्रान्चाइजी फिल्म, धमाल ४ लाई स्थगित गरेका छन् । रिपोर्टका अनुसार, निर्माताहरूले अन्य दुई प्रमुख परियोजनाहरू: रणवीर सिंहको धुरन्धर २ र यशको टक्सिकसँग टकरावबाट बच्न यो कदम चालिरहेका छन् । यद्यपि, निर्माताहरूले अझै आधिकारिक रूपमा धमाल ४ को रिलीज स्थगित भएको पुष्टि गरेका छैनन् । रणवीर सिंह र अक्षय खन्ना अभिनित फिल्म धुरन्धर हालै सिनेमाघरमा रिलिज भएको छ र राम्रो कमाई गरिरहेको छ । फिल्मका धेरै दृश्यहरू भाइरल पनि भइरहेका छन् । अब, यसको दोस्रो किस्ताको रिलिज मिति २०२६ को ईदमा तय गरिएको छ। त्यसै समयमा आफ्नो फिल्म धमाल रिलिज गर्ने भनेका अजय देवगनले पछि हट्ने निर्णय गरेका छन् । बलिउड हंगामाले बक्स अफिसमा भिडन्त हुनबाट जोगाउन अजय देवगनको धमाल ४ को प्रदर्शन स्थगित गरिएको रिपोर्ट गरेको छ । रिपोर्टहरूले संकेत गर्दछ कि विगत केही हप्ताहरूमा छुट्टीको सप्ताहांतको लागि दौड बढ्दो रूपमा कडा भएको छ । रणवीर सिंह र जियो स्टुडियोले उही स्लटको लागि आफ्नो सिक्वेल, धुरन्धर २ को घोषणा गरेका छन् । यसबाहेक, यशको बहुप्रतिक्षित फिल्म टक्सिक पनि ईद सप्ताहांतमा रिलिज हुँदैछ । महत्वपूर्ण बक्स अफिस प्रतिस्पर्धालाई ध्यानमा राख्दै, अजय देवगनले बुद्धिमानी निर्णय गर्ने निर्णय गरे । सेप्टेम्बरमा, अजय देवगनले सामाजिक सञ्जालमा फिल्मको छायांकन पूरा भएको घोषणा गरे । उनले लेखे, "आजको ताजा खबर, यो गिरोहले 'तपाईंको मन र दिमाग चोर्न चाँडै आउँदैछ' धमाल ४, २०२६ को ईदमा सिनेमाघरमा।" अर्को पोस्टमा, उनले भने - छायांकनको एक चरण पूरा भएको छ, र अब मुम्बईको काम बाँकी छ । यस फिल्ममा अजय देवगन, रितेश देशमुख, अर्शद वारसी, संजय मिश्रा, जावेद जाफरी, संजीदा शेख, अंजली आनन्द, उपेन्द्र लिमये, विजय पाटकर र रवि किशन जस्ता प्रमुख कलाकारहरूको अभिनय छ । फिल्मले पहिले भन्दा अझ बढी विस्फोटक कमेडीको प्रतिज्ञा गर्दछ । इन्द्र कुमारले फेरि एक पटक फिल्म निर्देशन गर्दैछन् । धुरन्धर रिलिज भएको केही घण्टापछि, निर्माताहरूले घोषणा गरे कि धुरन्धर २ मार्च १९, २०२६ मा रिलिज हुनेछ, जसले यशको टक्सिकसँग सिधा प्रतिस्पर्धा गर्नेछ, जुन सोही दिन रिलिज हुँदैछ। डिसेम्बर ५ मा रिलिज भएको पहिलो फिल्म र भारतको सबैभन्दा महत्वाकांक्षी जासूसी-एक्शन फिल्महरू मध्ये एक मानिन्छ । आदित्य धर द्वारा निर्देशित, लिखित र सह-निर्माता, फिल्ममा रणवीर सिंह मुख्य भूमिकामा छन्, जबकि सारा अली खान, संजय दत्त, अर्जुन रामपाल, अक्षय खन्ना, र आर. माधवनले पनि प्रमुख भूमिका खेल्छन् । २१४ मिनेट लामो, यो भारतको सबैभन्दा लामो फिल्महरू मध्ये एक हो । हालको तथ्याङ्कलाई हेर्दा, धुरन्धरलाई बक्स अफिसमा हिट मान्न सकिन्छ । रिलिज भएको पहिलो चार दिनमा, फिल्मले भारतमा लगभग १२६-१३० करोड कमाएको छ, र विश्वव्यापी रूपमा यसको कमाई लगभग १.९३ बिलियन पुगेको छ । फिल्मले सकारात्मक वर्ड-पब्लिसिटीबाट पनि फाइदा उठाइरहेको छ । यसको तीव्र एक्सन र रक्तपातको बावजुद, रणवीर सिंह र अक्षय खन्नाको अभिनय, आदित्य धरको अभिनयले दर्शकहरूलाई मोहित पारिरहेको छ । फलस्वरूप, धुरन्धर २ को सफलता अबदेखि अनुमान गर्न सकिन्छ । *-डिसी नेपाल डटकम*

# शीतल भइन् मिसेस नेपाल आइडल २०२५



यो पटकको मिसेस नेपाल आइडल २०२५ को ताज शीतल याक्सो लिम्बुले पहिरिन सफल भएकी छन् । सोमबार राजधानीको ज्यापु प्रज्ञा भवनमा सम्पन्न सो कार्यक्रमका निर्णायकको प्रश्नको सटिक उत्तर दिँदै उनले ताज चुम्न सफल भएकी हुन् । कार्यक्रमको फस्ट रनर अपमा अन्जु थापा मगर र सेकेन्ड रनर अपमा नितु सिंह ठकुरी हुन सफल भएका थिए । हिमालयन मुभिजद्वारा आयोजित सो कार्यक्रम कार्यक्रमको नवौं संस्करण हो । करिब सवा दर्जन प्रतियोगीहरूले तीन सातासम्म चर्चित फेसन कोरियोग्राफर हिमानी सुब्बाबाट व्यक्तित्व विकास, बोलीचाली अभ्यास, स्टेज प्रस्तुति, क्षमता अभिवृद्धि, बौद्धिक विकासलगायतका विषयमा तालिम लिएका थिए । कोरियोग्राफर सुब्बाले महिलाहरुसँग मिल्दो गीतमा सुरुमै आकर्षक नृत्य गराएकी थिइन् भने क्रमश: परिचयात्मक चरण, वेस्ट ड्रेस चरण, प्रश्नोत्तर र क्राउनिङ चरणहरूमा सम्पूर्ण प्रतियोगीहरूलाई अब्बल गराउन तयारी पारी प्रस्तुत गराएकी थिइन्। व्यक्तिगत र पारिवारिक माहोलबाट बाहिर निस्केर यो प्रतिभा प्रस्फुटनको मञ्चसम्म आइपुगेका विवाहित महिलाहरू निकै प्रफुल्ल देखिन्थे । कोरियोग्राफर सुब्बाका अनुसार प्रतियोगीहरूले निकै मेहनत गरेको र आँखै सामु आफूले उनीहरूको परिवर्तित स्वरूप देखेकोमा आफूलाई खुसी लागेको बताइन् । कार्यक्रममा विविध सबटाइटल अवार्डहरुसमेत वितरण गरिएको थियो। जसमा मोस्ट डिसेन्ट शीतल याक्सो लिम्बु, मोस्ट स्मार्ट अन्जु थापा मगर, वेस्ट ट्यालेन्ट नितु सिंह ठकुरी, वेस्ट कम्प्लेक्सन रोजिना वैद्य, मोस्ट कन्फिडेन्ट नुर्साङ तामाङ देउला, मोस्ट एक्टिभ दिनुसा सम्वाहाम्फे लिम्बु, मोस्ट डाइनामिक मनु लिम्बु, मोस्ट ग्रेसफुल ललिताकुमारी खड्का बान्तवा, मोस्ट प्यासोनेट निता श्रेष्ठ रिमाल, मोस्ट डिलिजेन्ट स्वेता राई, वेस्ट डिसिपिलिन सृजनादेवी श्रेष्ठ, वेस्ट पर्सनालिटी अरुणा विश्वकर्मा, वेस्ट फोटोजेनिक भावना निरौला भट्टराई, मोस्ट डेडिकेटेड सुमित्रा बुढा गुरुङ,मोस्ट पपुलर श्वेता राई, पब्लिक च्वाइस रोजिना वैद्य, वेस्ट भिडियो च्वाइस सुमित्रा बुढा गुरुङ र वेस्ट मल्टिमिडिया विनर नुर्साङ तामाङ देउला हुन सफल भएका थिए । कार्यक्रममा कलाकारहरूको आकर्षक प्रस्तुतिले माहौल बनाएको कार्यक्रमको निर्णायक मण्डलमा मिस नेपाल २००० उषा खड्गी, अभिनेता तथा मोडल दिक्पाल कार्की, अभिनेता तथा इभेन्टकर्मी सिद्धार्थ सिंह, मिसेस मंगोल नेपाल २०२५ तथा फेसन डिजाइनर टिना आले कवर मगर र फेस अफ नेपाल २०२५ सदीक्षा श्रेष्ठ रहेका थिए । विवाहित महिलाहरूको क्षमता उजागर गरी आफूभित्रको प्रतिभा पहिचान गरी प्रस्फुटन गराउने कार्यक्रमको आयोजना गरिएको इभेन्ट म्यानेजर कोमलनाथ खतिवडाले जानकारी दिए । *-रातोपाटी डटकम*

# राजेश हमाल स्टारर 'प्रवासी जीवन' १५ फागुनदेखि




राजेश हमाल स्टारर फिल्म 'प्रवासी जीवन' को प्रदर्शन मिति तय भएको छ । निर्माताले बुधबार पोस्टर सार्वजनिक गर्दै फिल्म १५ फागुनदेखि देशब्यापी प्रदर्शनमा आउने जनाएका हुन् । अमेरिकामा नेपालीले गर्नुपर्ने संघर्ष र प्रवासी जीवनको कथावस्तुमा फिल्म आधारित छ । फिल्मलाई श्याम क्षेत्री र राम अधिकारीले संयुक्तरुपमा निर्देशन गरेका हुन् । 'प्रवासमा पुग्ने जो कोहीले यो कथामा आफू वा आफ्नो वरपरको दृश्यलाई पाउनु हुनेछ । हामीले भौतिक रुपमा देखिने दु:खका धेरै चर्चा गर्छौं तर मानसिक रुपमा भोहिरहेको यातनालाई बेवास्ता गर्ने गरेका छौँ' निर्देशक क्षेत्रीले भने, 'त्यसैले हामीले त्यो समय र त्यहाँबाट निस्किएपछिको सुन्दर भविष्यलाई फिल्ममा देखाएका छौँ ।' मानसिक स्वास्थ्य समस्या र समाधानको विषयको कुरा पनि समावेश भएकाले दर्शकले प्रवासीको जीवनलाई नजिकबाट बुझ्न सक्ने उनले बताए । फिल्ममा हमालसहित सरिता लामिछाने, बुद्धी तामाङ, महादेव त्रिपाठी, एञ्जेला बस्नेत, गगन सुवेदी, लोकेश भित्रीकोटी, दिव्या न्यौपाने, अबिगेल लुहार, प्रासु गिरी, शिखा अधिकारीसहित निर्देशक क्षेत्रीले पनि अभिनय गरेका छन् । 'सिजल एण्ड सिस्टर फाउन्डेसन फर नेपाल' को सहकार्यसमेत रहेको फिल्मलाई अमेरिकाका रमणीय दृश्यमा छायांकन गरिएको छ । श्याम क्षेत्री प्रोडक्सन र नेसनल मिडिया प्रोडक्सनले संयुक्त रुपमा निर्माण गरेका हुन् । 'डाईङ क्यान्डल', 'चक्कर', 'जय श्री दाम', 'केटीएम ककटेल', 'सरिता' जस्ता फिचर तथा छोटा फिल्म निर्माण गरेका रविन आचार्य निर्माता रहेको फिल्मको विषयवस्तुले नै कलाकारलाई आकर्षित गरेको जनाएका छन् । 'यसको विषयले एउटा सचेतना पनि दिन्छ, यो प्रवासी जीवनको उज्यालो र अँध्यारोसँग जोडिएको कथा हो । हामीले निकै कम चर्चा गर्ने मानसिक स्वास्थ्यको समस्या र त्यसपछिको सुन्दर जीवनले प्रेरणा दिन्छ भन्ने हामीलाई लागेको छ' निर्माता आचार्यले भने । सार्वजनिक पोस्टरको पृष्ठभूमिमा लेखिएको 'मेन्टल हेल्थ', 'एन्जाइटी', 'थेरापी' जस्ता शब्दले फिल्मको विषयलाई सङ्कत गरेको छ । फिल्मको कथा, पटकथा तथा संवाद स्वयम् निर्देशक क्षेत्रीले नै तयार गरेका हुन् । यसमा अमृत बिसुवाले छायाङ्कन, राम अधिकारीले सम्पादन, सुवास सिन्चुरीले पार्श्वसङ्गीत, देवी खतिवडाले श्रृंगार, राज शङ्कर र प्रतीक सार्कीले ध्वनि मुद्रण, नवीन कार्कीले सङ्गीत सिर्जना गरेका छन् । प्रमोद खरेल र प्रताप दास जस्ता गायकले स्वर दिएका छन् । *-अनलाइन खबर डटकम*

# 'आ बाट आमा'को गीतमा आमा-छोराको आत्मीयता र पीडा



चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म 'आ बाट आमा'को शीर्ष गीत सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै निर्माण पक्षले 'सृष्टिकै पहिलो नाम' बोलको गीत दर्शकमाझ ल्याएको हो । रवि ओडको स्वर र बाबुल गिरीको शब्द तथा संगीत रहेको यस गीतले आमाको माया, समर्पण र छोराप्रतिको लगावलाई मर्मस्पर्शी रुपमा प्रस्तुत गरेको छ । गीतको भिडियोमा विपना थापा, प्रदीप रावत (गजनी भिलेन) र पल शाहलाई केन्द्रमा राखिएको छ । आमाको भूमिकामा रहेकी विपना छोराको यादमा तड्पिरहेकी देखिन्छन् भने पल आमा-बुबालाई खोज्दै भौतारिरहेका छन् । गीतले नै फिल्मको कथा आमा-छोराको सम्बन्धमा केन्द्रित रहेको प्रष्ट पार्छ । भिडियोमा साइग्रेस पोखरेल, सिम्रन पन्त र उषा उप्रेतीलाई पनि देख्न सकिन्छ । निर्देशक पन्त स्वयंको कथा र पटकथा लेखन रहेको फिल्ममा विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, हेमराज अधिकारी, दीलिप उखेडा, रचना गौतम लगायतको पनि अभिनय रहेको छ । आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् । शहीद दिवसको सार्वजनिक विदा पारेर आगामी माघ १६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा अमर न्यौपाने, अभिमन्यु निरवी र निर्देशक पन्तको संवाद लेखन, नवराज उप्रेतीको डिओपी, साहिल खान र मिलन श्रेष्ठको सम्पादन, कोशिश क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमको संगीत तथा गम्भीर विष्ट र दीलिप उखेडाको कोरियोग्राफी रहेको छ । *-फिल्मी खबर डटकम*

# पेट्रोलको बढ्यो, डिजेल र मट्टितेलको मूल्य घट्यो



**पाल्पा,** पुस १/नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ । डिजेल र मट्टितेलको मूल्य भने घटाएको छ । निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ बढाउने निर्णय गरेको हो । डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर ४ रुपैयाँ घटाइएको छ ।

मूल्य बढेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १ सय ५८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १ सय ६० रुपैयाँ र तेस्रो वर्गका लागि १ सय ६१ रुपैयाँ तोकिएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ । निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ । इण्डियन आयल कर्पोरेशनबाट प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार डिजेल र मट्टितेलमा प्रतिलिटर छ रुपैयाँ ९३ पैसा घटेर तथा पेट्रोलमा एक रुपैयाँ ९४ पैसा बढेर आएकाले खुद्रा बिक्री मूल्य समायोजन गरिएको निगमले जनाएको छ । निगमले हवाई इन्धन र खाना पकाउने ग्याँसको मूल्य भने यथावत राखेको छ ।

## दमकडा माविलाई...

...काउन्सिलले तोकेका ५१ सूचकहरु विद्यालयसँग जोडिएका, स्थानीय सरकार, अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारीको व्यवस्थापन प्रणालीको गुणस्तरलाई मापन र सुधार गर्ने विषयमा केन्द्रित विषयबस्तुहरु रहेका छन् । विद्यालयले लामो समयदेखी कक्षा १ देखी १२ सम्म दृष्टिविहिन कक्षा, कक्षा ९ देखी १२ सम्म सिभिल ईन्जिनियरिङ्ग जस्ता विशेष कक्षा सञ्चालन गर्दै आएको छ । विद्यालयमा ९५० विद्यार्थी र ५० जना शिक्षक तथा कर्मचारीहरु रहेका छन् । काउन्सिलले तोकेमा विषयबस्तुहरुमा कक्षाकोठाको भौतिक अवस्था, प्रविधि र शैक्षिक सामग्रीको उपलब्धता राम्रो हुनुपर्ने, पाठ्यक्रम कार्यान्वयन, निर्धारित पाठ्यक्रमको प्रभावकारी शिक्षण र सिकाइ प्रविधि प्रभावकारी हुनुपर्ने, मूल्याङ्कन प्रणाली: विद्यार्थीको मूल्याङ्कन विधि, नतिजा विश्लेषण र सुधारको रणनीति वैज्ञानिक हुनुपर्ने, भिजन र रणनीति: विद्यालयको दीर्घकालीन लक्ष्य, दृष्टिकोण र गुणस्तर नीतिहरूको स्पष्टता हुनुपर्ने र ती कार्यान्वयनमा रहेको विद्यालय व्यबस्थापन समितिका अध्यक्ष राजेश कुमार अर्यालले बताए । यसै गरी काउन्सिलले तोकेका अन्य सूचकहरुमा नेतृत्वको प्रतिबद्धता: व्यवस्थापन र शिक्षकहरूद्वारा गुणस्तर व्यवस्थापन प्रणालीको निरन्तर पालना गर्नुपर्ने, सरोकारवालाको सन्तुष्टि: विद्यार्थी, अभिभावक, शिक्षक र समुदायको सन्तुष्टि मापन र गुनासो सम्बोधन प्रणालीको व्यबस्था गर्नुपर्ने, शिक्षक तथा कर्मचारीको नियमित रुपमा दक्षता बृद्धिसँगै तालिम, व्यवसायिक विकास र कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्ने, पूर्वाधारतर्फ विद्यालय भवन तथा परिसर धुलोरहित बनाउनु पर्ने, डिजिटल पुस्तकालय, पर्याप्त मात्रामा प्रयोगशाला, खेल मैदान जस्ता भौतिक पूर्वाधारको अवस्था राम्रो हुनुपर्ने कुरा विद्यालयको तर्फबाट पुरा भएको विद्यालयका आईएसओ संयोजक जीवन आचार्यले बताए । यसैगरी अन्य सूचकहरुमा विद्यालयमा नियमित रुपमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ तथा आन्तरीक व्यवस्थापन गर्नुपर्ने, आन्तरिक लेखापरीक्षणबाट व्यवस्थापन प्रणालीको नियमित जाँच र कमजोरी पहिचानमा जोड दिएको हुनुपर्ने, मापन र विश्लेषण: शैक्षिक तथा प्रशासनिक कार्यसम्पादनको तथ्याङ्क विश्लेषण गर्नुपर्ने, निरन्तर सुधारको क्रममा पहिचान भएका कमजोरीहरूको आधारमा सुधारका कार्यक्रम लागू गर्ने प्रणालीको विकास भएको हुनुपर्ने लगायत रहेको प्रधानाध्यापक मोहन प्रसाद सापकोटाले बताए । लोगो प्राप्तिको यो प्रक्रियाले विद्यालयको प्रशासनिक र शैक्षिक प्रक्रियाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डमा ढाल्न सहयोग पुगेको छ । अबको तीन वर्षको अवधिमा विद्यालयले ती ३५१ सूचकहरूलाई दैनिक कार्यसम्पादनको अभिन्न अङ्ग बनाउँदै गुणस्तर व्यवस्थापन प्रणाली लाई पूर्ण रूपमा संस्थागत गर्नेछ । यो अवधिमा विद्यालयले कक्षा ५, कक्षा ८ र एस ई ई र मा शतप्रतिशत नतिजा ल्याउनु पर्ने छ । विद्यालय पूर्ण घोषणा भएपछि दमकडा नमुना मावि पाल्पा जिल्लाकै उत्कृष्ट मात्र नभई देशकै नमुना गुणस्तरीय शैक्षिक संस्थाको रूपमा स्थापित हुने अपेक्षा गरिएको छ । दमकडा नमुना माध्यमिक विद्यालयलाई आईएसओ सर्टिफाइड लोगो प्रदान गरिनुले शैक्षिक व्यवस्थापनमा नेपालका सामुदायिक विद्यालयहरू पनि अन्तर्राष्ट्रियस्तरको गुणस्तर कायम गर्न सक्षम छन् भन्ने सन्देश दिएको छ । विद्यालयको यो उपलब्धिले विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक, अन्य प्रतिष्प्रर्धी विद्यालयहरुलाई गुणस्तरीय शिक्षाका लागि थप उत्साहित बनाएको छ ।

## खेलकुद समाचार

### झापा गोल्डकप माघको अन्तिम हप्तादेखि हुने



**काठमाडौं,** पुस २९/झापा गोल्डकपको सातौं संस्करण आउँदो माघ अन्तिम हप्तादेखि हुने भएको छ । अखिल नेपाल फुटबल सै (एन्फ)ले निकालेको पछिल्लो तालिकाअनुसार झापा गोल्डकप माघ २४ गतेदेखि शुरु हुने भएको हो । गएको वैशाखमा ज्यान गुमाएका झापा गोल्डकपका निवर्तमान अध्यक्ष विनोद बस्नेतको स्मृतिमा आयोजना गर्न लागिएको प्रतियोगिता बिर्तामोडमा रहेको डोमालाल राजवंशी रङ्गशालामा हुनेछ । प्रतियोगितामा तीन विभागीय टोली, दुई विदेशी, झापा ११ एफसी र 'ए' डिभिजनसहित १० टोली सहभागिता हुने गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए । प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ । प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ८ लाख रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिता सम्पन्न गर्न झन्डै १ करोड ५० लाख रुपैयाँ खर्च अनुमान गरिएको कोषाध्यक्ष चन्द्र कट्टेलले जानकारी दिए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई एउटा मोटरसाइकल, उत्कृष्ट गोलकिपर, उच्च गोलकर्ता, उदीयमान खेलाडी र प्रशिक्षकलाई जनही २५ हजार तथा हरेक खेलको प्लेयर अफ द म्याचलाई नगद ११ हजार रुपैयाँ दिइने आयोजकले जनाएको छ ।

### राहदानी हराएको सूचना

मेरो निम्न विवरण भएको राहदानी यही मिति २०८२/०८/०१ गतेका दिन तानसेन बसपार्कदेखि शितलपाटी आउने क्रममा हराएको हुनाले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम** : सुजल भाट
ठेगाना : तानसेन-५, पाल्पा
**राहदानी नं** : PA३०४५५९२
**सम्पर्क नं.** : ९८४२८६५८१७


**वर्गिकृत डिस्प्ले**

***१X ५ साइजमा मात्र***

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### नेप्से बढ्यो, बढेन कारोबार रकम



**पाल्पा,** पुस १/साताको तेस्रो सेयर कारोबार दिन मंगलबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । नेप्से परिसूचक १८ दशमलव ३७ अंकले बढेर २ हजार ६ सय १९ दशमलव ९९ विन्दुमा पुगेको छ । अघिल्लो दिन सोमबार नेप्से परिसूचक ६ दशमलव ७४ अंकले बढेको थियो । सो दिन ३ अर्ब ४४ करोड १९ लाख बराबरको सेयर कारोबार भएको थियो । यसदिन नेप्से दोहोरो अंकले बढे पनि कारोबार रकम भने सोमबारको तुलनामा घटेको छ ।

३ सय २५ कम्पनीको ७८ लाख चार हजार ४५ कित्ता शेयर ५५ हजार ७८ पटक खरिदबिक्री हुँदा तीन अर्ब २९ करोड ४२ लाख २७ हजार ११२ बराबरको कारोबार भएको छ । कारोबारमा व्यापार समूह बाहेक सबै समूहको उपसूचक बढेको छ । स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र नारायणी डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने श्वेतगङ्गा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन लिमिटेड रहेको छ । कारोबार र कारोबार रकमका आधारमा सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको १९ करोड ८२ लाख ४५ हजार २५ बराबरको चार लाख ९४ हजार १८४ कित्ता शेयर किनबेच भएको छ । लुम्बिनी विकास बैंकले १० करोड बराबरको सेयर कारोबार गर्दा हिमालयन इन्स्योरेन्सको र सीईडीबी होल्डिङ्गसको ९/९ करोड र राधी विद्युतको ७ करोड मूल्य बराबरको सेयर कारोबार भयो । १२ वटा समूहको उपसूचक सकारात्मक देखिएका छन् । ट्रेडिस समूहको उपसूचकबाहेक अरु समूहको उपसूचक सकारात्मक देखिएका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई